# 3SquaresVT: आफ्नो अधिकार थाहा पाउनुहोस्

3SquaresVT एउटा कार्यक्रम हो जसले तपाईंलाई थप पोषणयुक्त खानेकुरा किन्न पैसा उपलब्ध गराउँछ। तपाईंसँग सहभागी हुने वा नहुने सम्बन्धमा आफू र आफ्नो परिवारका लागि उत्कृष्ट निर्णय लिने अधिकार छ।

अध्यागमन र सर्वसाधारण सुविधा सम्बन्धी कानून परिवर्तन भएको छैन। 3SquaresVT सुविधाहरूको प्राप्तिले तपाईंको अध्यागमन स्थितिलाई हानी पुर्‍याउने छैन।

तपाईंले आफ्नो अध्यागमन स्थितिको कारण 3SquaresVT प्राप्त गर्न नसके पनि तपाईंको बालबालिका वा परिवारका अन्य सदस्यहरू सुविधाहरूका लागि योग्य हुन सक्छन्। तपाईंले आफ्ना बालबालिका वा अन्य परिवार सदस्यहरूका लागि सुविधाहरूका लागि आवेदन दिंदै हुनुहुन्छ भने DCF ले तपाईंको बारेमा अध्यागमन अधिकारीहरूलाई रिपोर्ट गर्नेछैन।

3SquaresVT र कसरी आवेदन गर्ने बारेमा www.vermontfoodhelp.com मा थप जानकारी प्राप्त गर्नुहोस्।

यदि तपाईं आफ्नो स्थिति बारेमा जानकारी दिन चाहनुहुन्न भने, तपाईंले सुविधाहरू प्राप्त गर्नुहुनेछैन तर तपाईंको परिवार सदस्यहरू अझैपनि तिनीहरूका लागि योग्य हुन सक्नुहुन्छ। तपाईं यो जानकारी दिन चाहनुहुन्न भनेर एकपटक DCF लाई भनेपछि तिनीहरूले तपाईंको स्थितिको बारेमा सोध्न बन्द गर्नेछन्।

भविष्यमा परिवर्तन हुन सक्छन्, तर अहिलेको समयमा तपाईंको 3SquaresVT वा अन्य सुविधाहरू रोक्दा कुनै फाइदा छैन। यदि तपाईंले पहिले नै 3SquaresVT प्राप्त गर्नुभएको छ भने कार्यक्रममा रहने बारेमा विचार गर्नुहोस् - यो तपाईंका लागि हो र यसले तपाईं र तपाईंको परिवारलाई स्वस्थ रहन मद्दत गर्छ।

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने, भर्मन्ट कानूनी सहायतालाई

1-802-383-2208 मा फोन गर्नुहोस्।

Vermont Legal Aid
Working for Justice

HUNGER FREE VERMONT